


वर्ष ४३ | अंक ९ | नेपाल राष्ट्र बैंक समाचार | जेठ २०७६ | मई - जून २०१९

# नेपाल राष्ट्र बैंकको ६४ औं वार्षिकोत्सव सम्पन्न

## समष्टिगत आर्थिक स्थायित्व तथा वित्तीय विस्तार मार्फत् उच्च आर्थिक वृद्धिमा योगदान पुऱ्याउन नेपाल राष्ट्र बैंक प्रतिबद्ध




नेपाल राष्ट्र बैंकको ६४ औं वार्षिकोत्सव २०७६ वैशाख १४ गते एक समारोह बीच सम्पन्न भयो । बालुवाटारस्थित बैंकको केन्द्रीय कार्यालय परिसरमा गभर्नर डा. चिरंजीबि नेपालले वार्षिकोत्सव समारोहको उद्घाटन गर्नुभएको हो ।

समारोहलाई सम्बोधन गर्दै गभर्नर डा. नेपालले उच्च, समावेशी र दिगो आर्थिक वृद्धिका लागि वित्तीय क्षेत्रको विकास गर्न र आर्थिक स्थायित्व मार्फत् मुलुकको समग्र विकासमा सहयोग पुऱ्याउन राष्ट्र बैंक प्रतिबद्ध रहेको बताउनुभयो । उच्च आर्थिक वृद्धि हासिल गर्न समष्टिगत आर्थिक स्थायित्व कायम गर्नुपर्ने चुनौती कायमै रहेको धारणा उहाँले राख्नुभयो ।

समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै वित्तीय क्षेत्रबाट परिचालन हुने स्रोत साधन उत्पादनशील क्षेत्रतर्फ निर्देशित गर्ने, वित्तीय उपकरण एवम् पूर्वाधारहरूको समयसापेक्ष विकास गर्ने र वित्तीय ग्राहक संरक्षण गर्नेतर्फ राष्ट्र बैंक केन्द्रित रहेको समेत उहाँले स्पष्ट पार्नुभयो । गभर्नर डा. नेपालले राजनीतिक स्थायित्व कायम भएसँगै आर्थिक क्रियाकलापले गति लिन थालेको उल्लेख गर्दै कृषि उत्पादनमा भएको वृद्धि, उर्जा आपूर्तिमा देखिएको सुधार, पुनर्निर्माणले लिएको गति तथा पर्यटन क्षेत्रमा भएको आशलाग्दो प्रगतिले उत्साहजनक आर्थिक परिदृश्य देखाएको बताउनुभयो ।

गभर्नर डा. नेपालले वित्तीय क्षेत्रमा लिइएका नीतिगत पहलकदमीको परिणामस्वरूप वित्तीय पहुँच विस्तारमा सहज भएको तथा कृषि, ऊर्जा, पर्यटन लगायतका क्षेत्रमा कर्जा प्रवाह बढेको जानकारी दिँदै भुक्तानी प्रणालीलाई आधुनिकीकरण गर्ने दिशामा पूर्वाधार निर्माणका महत्वपूर्ण कामहरू अगाडि बढेको बताउनुभयो । बैंक तथा वित्तीय संस्थाहरू एक-आपसमा गाभिई संस्थागत सबलीकरण र संख्यात्मक व्यवस्थापनमा सहयोग पुगेको उहाँको धारणा थियो ।

गभर्नर डा. नेपालले २०७५ चैत मसान्तमा बैंक तथा वित्तीय संस्थाका शाखा संख्या ८,२०५ पुगेको उल्लेख गर्दै प्रति शाखाले सेवा प्रदान गर्ने जनसंख्या ३,५६० रहेको जानकारी समेत दिनुभयो । गभर्नर डा. नेपालले राष्ट्र बैंकको उद्देश्य प्राप्तिमा आगामी दिनमा अझ क्रियाशील हुँदै बैंकको गरिमा



उच्च राख्ने गरी सेवा प्रदान गर्न/गराउन सम्पूर्ण कर्मचारीहरूलाई निर्देशन समेत गर्नुभएको थियो ।



समारोहमा गभर्नर डा. नेपालले नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर सत्येन्द्रप्यारा श्रेष्ठलाई बैंकका तर्फबाट दोसल्ला ओढाएर कदरपत्र प्रदान गरी विशेष सम्मान गर्नुभयो ।




सो अवसरमा गभर्नर डा. नेपालले बैंक सेवामा बीस वर्ष पूरा गर्नुभएका विदेशी विनिमय व्यवस्थापन विभागका निर्देशक ईश्वरीप्रसाद न्यौपानेलाई बीस वर्षीय सेवा उपहार तथा कदरपत्र प्रदान गर्नुभएको थियो ।




समारोहमा बैंकका कर्मचारीहरूबीचमा सम्पन्न भएको आर्थिक लेख प्रतियोगितामा "नेपालको वैदेशिक व्यापारमा महत्वपूर्ण सूचकहरूको विश्लेषण" विषयमा लेख लेख्ने उपनिर्देशक खगेश्वर भण्डारी प्रथम, उपनिर्देशक प्रेम प्रसाद आचार्य द्वितिय र उपनिर्देशक सुमन न्यौपाने तृतीय हुनुभयकोमा उहाँहरूलाई पुरस्कार प्रदान गरियो ।

समारोहमा वरिष्ट डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले स्वागत मन्तव्य व्यक्त गर्दै मुद्रास्फीति नियन्त्रणमा रहेको, क्षमता उपयोग र पर्यटक आगमनमा वृद्धि भइरहेको जानकारी दिँदै बैंकिङ क्षेत्रमा केही अप्ठ्यारो परिस्थिति सृजना भए तापनि विप्रेषण सकारात्मक रहेको, पूँजी बजार व्यवस्थित गर्न प्रयास गरेको र बैंकिङ क्षेत्रको




ब्याजदरमा सुधार भइरहेको बताउनुभयो । उहाँले विभिन्न ऐनहरू परिमार्जन भएको बताउँदै प्रदेश ६ मा कार्यालय स्थापना गर्न सुर्खेतमा प्रदेश कार्यालय स्थापनाको लागि प्रक्रिया शुरु भइसकेको जानकारी दिनुभयो । साथै, उहाँले बालुवाटारदेखि नालासम्म स्थानीयको उपस्थितिमा वित्तीय साक्षरता र्‍याली सम्पन्न गर्न सहयोग गर्ने बैंक वित्तीय संस्था र स्थानीय क्लबलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

बैंकका अर्का डेपुटी गभर्नर शिवराज श्रेष्ठले बैंक तथा वित्तीय संस्थाको प्रति शाखाले करिब ३५०० व्यक्तिलाई सेवा दिइरहेको बताउँदै ७२४ स्थानीय तहमा वाणिज्य बैंकको उपस्थिति रहेको र निकट भविष्यमा सबै स्थानीय तहमा बैंकहरूको उपस्थिति हुने विचार व्यक्त गर्नुभयो । वित्तीय क्षेत्रलाई सबै धक्का सहन सक्ने बनाउन पूँजी वृद्धि र संस्थागत सुशासन हुनुपर्ने बताउँदै



बैंकका सबै कर्मचारीलाई आफ्नो जिम्मेवारी वहन गर्न अनुरोध गर्नुभयो । यसै गरी, श्रेष्ठले पछिल्लो समयमा राष्ट्र बैंकको नियमन र सुपरीवेक्षकीय क्षमता मजबुत बनेको उल्लेख गर्दै त्यसले मुलुकको वित्तीय प्रणालीलाई थप सुदृढ तुल्याएको बताउनुभयो । साथै, राष्ट्र बैंकले अन्तर्राष्ट्रिय संघ/संस्थाहरूसँगको सम्बन्ध थप सुदृढ बन्दै गएको विचार उहाँले व्यक्त गर्नुभयो ।

समारोहमा पूर्वगभर्नर सत्येन्द्रप्यारा श्रेष्ठले निर्यातको तुलनामा आयातको वृद्धिदर बढेकोमा चिन्ता व्यक्त गर्दै निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापनको निम्ति सम्बद्ध निकायहरू गम्भीर बन्नुपर्ने बताउनुभयो ।

नेपाल बैंकर्स संघका अध्यक्ष ज्ञानेन्द्रप्रसाद ढुंगानाले वित्तीय स्थायित्वको सवालमा राष्ट्र बैंक दक्षिण एसियाकै उत्कृष्ट रहेको दाबी गर्नुभयो । उहाँले लगानीयोग्य रकम अभावले व्याजदर प्रभावित भएता पनि लगानीको वातावरण बन्दै गएकोमा खुशी व्यक्त गर्नुभयो ।

समारोहमा नेपाल वित्तीय संस्था कर्मचारी संघ, नेपाल राष्ट्र बैंकका अध्यक्ष रेशमराज रेग्मीले नेपाल राष्ट्र बैंकलाई स्वायत्त संस्थाको रूपमा स्थापित गर्नुपर्ने आवश्यकतामा जोड दिनुभएको थियो । नेपाल राष्ट्र बैंक कर्मचारी संघका अध्यक्ष ढुण्डीराज मिश्रले नेपाल राष्ट्र बैंकले चुस्त र प्रभावकारी नीति अवलम्बन गर्दै वित्तीय प्रणालीलाई अझ सुदृढ तुल्याउनुपर्ने आवश्यकता औँल्याउनुभयो । यसै गरी, नेपाल राष्ट्रिय कर्मचारी संगठन, नेपाल राष्ट्र बैंक समितिका अध्यक्ष रेशमबहादुर बल्छौडीले नेपाल राष्ट्र बैंकको स्वायत्तता जोगाउनुपर्ने आवश्यकतामा जोड दिनुभएको थियो ।

समारोहमा बैंकका सञ्चालकहरू डा. श्रीराम पौड्याल, रामजी रेग्मी, पूर्व गभर्नरहरू हिमालय शमशेर राणा, गणेशबहादुर थापा, सत्येन्द्रप्यारा श्रेष्ठ, दिपेन्द्रपुरुष ढकाल, विजयनाथ भट्टराई, दिपेन्द्रबहादुर क्षेत्री, पूर्व डेपुटी गभर्नरहरू, बैंकर्स संघ, डेभलपमेन्ट बैंकर्स संघ, वित्त कम्पनी संघका पदाधिकारी, राष्ट्र बैंकका बहालवाला तथा पूर्वकर्मचारीहरू, सञ्चारकर्मी लगायतको उपस्थिति थियो । समारोहको सञ्चालन गभर्नरको कार्यालयका निर्देशक गोविन्दप्रसाद नागिलाले गर्नुभएको थियो ।

# वित्तीय चेतनामूलक साइकल ऱ्याली सम्पन्न

नेपाल राष्ट्र बैंकको ६४ औं वार्षिकोत्सवका अवसरमा बैंकले २०७६ वैशाख ७ गते वित्तीय चेतनामूलक साइकल ऱ्याली सम्पन्न गरेको छ ।



बालुवाटारस्थित केन्द्रीय कार्यालय परिसरबाट शुरु भएको उक्त ऱ्याली भाटभटेनी, बालमन्दिर, कमलपोखरी, ज्ञानेश्वर, गौशाला, बत्तीसपुतली, नयाँ बानेश्वर, कोटेश्वर, जटिबुटी, पेप्सीकोला, मध्यपुर थिमी, पुरानो सल्लाघारी, कमल विनायक, च्याम्हसिंह, अमलडोल हुँदै काभ्रेको नालास्थित चण्डेश्वरी उच्च माध्यमिक विद्यालयमा पुगेर समापन भएको थियो ।



ऱ्यालीमा गभर्नर डा. चिरंजीबि नेपाल, डेपुटी गभर्नर द्वय चिन्तामणि शिवाकोटी र शिबराज श्रेष्ठ, बैंकका अधिकृत तथा कर्मचारीहरू, पूर्व कर्मचारीहरूसँगै विभिन्न बैंक तथा वित्तीय संस्थाका कर्मचारी तथा व्यवसायिक साइक्लिस्टहरू गरी करिब ४०० जनाको सहभागिता रहेको थियो । उक्त ऱ्यालीमा सहभागीहरूले विभिन्न प्लेकार्ड मार्फत् बैंक खाता खोल्न प्रोत्साहन, बैंकिङ सेवाको उपभोग, बचत गर्ने बानीको विकास, नोटको हिफाजत, हुण्डी कारोबारलाई निरुत्साहित गर्नुपर्नेजस्ता विषयहरू मार्फत् सहभागी र दर्शकहरूलाई सुसूचित गरेका थिए ।



वार्षिकोत्सवका अवसरमा बैंकले गत वर्ष समेत यस्तै वित्तीय चेतनामूलक साइकल ऱ्याली आयोजना गरेको थियो ।

# काभ्रेको नालामा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न

नेपाल राष्ट्र बैंकको ६४ औं वार्षिकोत्सवका अवसरमा वैशाख ७ गते काभ्रेको नालामा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न भयो ।

उग्रचण्डी नाला समाजको सहकार्यमा नेपाल राष्ट्र बैंकले नालास्थित चण्डेश्वरी उच्च माध्यमिक विद्यालयको प्राङ्गणमा उक्त कार्यक्रम सम्पन्न भएको हो । गभर्नर डा. चिरंजीबि नेपालले उक्त कार्यक्रमको उद्घाटन गर्नुभयो ।



सो अवसरमा गभर्नर डा. नेपालले विद्यालय तहको पाठ्यक्रममा वित्तीय शिक्षा सम्बन्धी विषयवस्तुलाई समेट्नुपर्ने आवश्यकता औंल्याउनुभयो । विद्यार्थीले सिकेको वित्तीय साक्षरताको ज्ञान अभिभावकसम्म प्रभावकारी रूपमा सम्प्रेषण हुने उहाँको भनाइ थियो ।

मुलुकको ५५ प्रतिशत जनसंख्यामा वित्तीय शिक्षाको ज्ञान नपुगेको उल्लेख गर्दै गभर्नर डा. नेपालले पछिल्ला वर्षहरूमा नेपाल राष्ट्र बैंकले दुर्गम स्थानहरूमा वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आएको जानकारी दिनुभयो । नेपालमा उपभोग प्रवृत्ति हाबी देखिएको बताउँदै उहाँले रकमको बचत गर्दै उत्पादनशील क्षेत्रमा सदुपयोग गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

कार्यक्रममा डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले राष्ट्र बैंकले केही वर्षदेखि वार्षिकोत्सवका अवसरमा वित्तीय साक्षरता अभियान सञ्चालन गर्दै आएको बताउनुभयो । वैधानिक माध्यमबाट पैसा आर्जन गर्ने र मितव्ययी रूपले खर्च गर्ने ज्ञान नागरिकसम्म प्रभावकारी रूपमा पुऱ्याउनुपर्ने आवश्यकतामा उहाँले जोड दिनुभयो ।



सो अवसरमा डेपुटी गभर्नर शिबराज श्रेष्ठले वित्तीय कारोबार बैंकिङ प्रणालीबाट मात्रै गर्नुपर्ने उल्लेख गर्दै प्रणाली बाहिर

बाँकी ५ पृष्ठमा

# प्रतियोगिताका विजयीहरूलाई पुरस्कार वितरण

नेपाल राष्ट्र बैंकको ६४ औं वार्षिकोत्सवको अवसरमा बैंकद्वारा आयोजित विभिन्न प्रतियोगिताका विजयीहरूलाई कार्यालय परिसरमा वैशाख १३ गते एक कार्यक्रमका बीच पुरस्कार तथा प्रमाणपत्र वितरण गरियो ।






उक्त कार्यक्रममा गभर्नर डा. चिरंजीबि नेपालले फुटबल, ब्याडमिन्टन, हाजिरीजवाफ प्रतियोगिताका विजयी कर्मचारीहरूलाई नगद पुरस्कार र प्रमाणपत्र प्रदान गर्नुभयो । यसै गरी, गभर्नर डा. नेपालले कर्मचारीका छोराछोरी बीच आयोजित बाल चित्रकला प्रतियोगितामा विजयी बालबालिकाहरूलाई नगद पुरस्कार





र प्रमाणपत्र प्रदान गर्नुभयो । साथै, उहाँले वार्षिकोत्सवका अवसरमा आयोजित रक्तदान कार्यक्रमका रक्तदाताहरूलाई प्रशंसापत्र समेत प्रदान गर्नुभयो । डेपुटी गभर्नर द्वय चिन्तामणि शिवाकोटी र शिवराज श्रेष्ठको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रम बैंक तथा वित्तीय संस्था नियमन विभागका सहायक निर्देशक अस्मिता खनालले सञ्चालन गर्नुभएको थियो ।

यस बैंकको ६४ औं वार्षिकोत्सवको अवसरमा २०७५ चैत ३० गते डेपुटी गभर्नर “ए” र डेपुटी गभर्नर “बी” का बीचमा सम्पन्न भएको मैत्रीपूर्ण फुटबल प्रतियोगितामा डेपुटी गभर्नर शिवराज श्रेष्ठ नेतृत्वको समूह “बी-१” डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीको समूह “ए-२” लाई १ - ० गोल अन्तरले पराजित गर्दै विजयी भएको थियो । यस बैंकका खेलाडी कर्मचारीहरूको बीचमा २०७५ चैत २३ गते छनौट खेल सम्पन्न भई दुवै समूहबाट दुई-दुई टोली गरी चार टोलीका बीचमा प्रतियोगिता सम्पन्न भएको थियो ।

सोही अवसरमा बैशाख ८-११ गतेमा आयोजित ब्याडमिन्टन प्रतियोगितामा एक्जूकेटिभ एकल, महिला एकल, पुरुष एकल, भेट्रान डबल, र पुरुष डबलका प्रतियोगिताहरू सम्पन्न भएका थिए ।

उक्त प्रतियोगिताहरू अन्तर्गत एक्जूकेटिभ एकलतर्फ बमबहादुर मिश्र प्रथम, दीर्घबहादुर रावल द्वितीय तथा डिलाराम सुवेदी र केशवबहादुर के.सी. तृतीय हुनुभयो । यस्तै, महिला एकलमा निरा ताल्चाभडेल प्रथम, सरिता भट्ट द्वितीय तथा रागनी सिंह र उमा पहराई तृतीय हुनुभयो ।

पुरुष एकलतर्फ धनबहादुर तामाङ प्रथम, कालु तामाङ द्वितीय तथा सत्येन्द्र सुवेदी र बबी के.सी. तृतीय हुनुभयो । यस्तै, पुरुष डबलतर्फ बबी के.सी. र राजनकृष्ण पन्तको जोडी प्रथम भयो भने डिलाराम सुवेदी र रेशमबहादुर बल्छौडीको जोडीले द्वितीय स्थान हासिल गऱ्यो । साथै, पदमराज जोशी र सत्येन्द्र सुवेदी तथा धनबहादुर तामाङ र कालु तामाङको जोडी तृतीय भयो ।






भेट्रान डबलतर्फ डिलाराम सुवेदी र रेशमबहादुर बल्छौडीको जोडी प्रथम तथा पदमराज जोशी र चन्द्रबहादुर चन्दको जोडी द्वितीय भयो भने बमबहादुर मिश्र र दीर्घबहादुर रावल तथा सिंहमान महर्जन र विविसेन महर्जनको जोडीले तेस्रो स्थान हासिल गऱ्यो ।



यसै गरी, वैशाख १३ गते आयोजित अन्तर विभागीय हाजिरी जवाफ प्रतियोगितामा १६ वटा टोली सहभागी भएकोमा अनुसन्धान विभागका चोपकान्त सुवेदी, पूर्णप्रसाद भण्डारी र निर्जल घिमिरेको टोली प्रथम भयो भने बैंक तथा वित्तीय संस्था नियमन विभागका केशवप्रसाद तिमिल्सिना, सुजन खनाल र प्रितिका लामाको टोलीले द्वितीय स्थान हासिल गऱ्यो । यस्तै, उक्त प्रतियोगितामा मुद्रा व्यवस्थापन विभागका प्रबिन सुवेदी, ऋषिबाबु चापागाईं र रुपेशमणि भट्टराईको टोली तृतीय तथा विदेशी विनिमय व्यवस्थापन विभागका मदन पण्डित, प्रसन्न पौडेल र अंगदिप न्यौपानेको टोली चौंथो भएको थियो ।

बैंकमा कार्यरत कर्मचारीका छोराछोरीको बिचमा २०७५ चैत ३० गते आयोजित बाल चित्रकला प्रतियोगिता अन्तर्गत समूह १ (नर्सरी र एलकेजी) तर्फ अथर्व पौडेल (अभिभावकः ईमेश पौडेल) प्रथम, रिदम भट्टराई (अभिभावकः वासुदेव भट्टराई) द्वितीय, आरभ राज खड्का (अभिभावकः रचना ज्ञावाली) तृतीय तथा विनायक रिजाल (अभिभावकः वासु रिजाल) र मेल्भिन ढकाल (अभिभावकः नन्दकुमार ढकाल) ले सान्त्वना पुरस्कार प्राप्त गर्नुभयो ।

यस्तै, समूह २ (यू. के.जी. देखि कक्षा २ सम्म) तर्फ अथर्व नेपाल (अभिभावकः अस्मीता गोर्खाली नेपाल) प्रथम, आराध्या पौडेल (अभिभावकः पुष्पा अधिकारी) द्वितीय, रौनक कटुवाल (अभिभावकः रमेश कटुवाल) तृतीय तथा अनुरा श्रेष्ठ (अभिभावकः निभा श्रेष्ठ) र रियांश भट्ट (अभिभावकः कृति ओभ्का भट्ट) ले सान्त्वना पुरस्कार प्राप्त गर्नुभयो ।

समूह ३ (कक्षा ३ देखि- ५ सम्म) तर्फ आयसा सुनुवार (अभिभावकः अशोक सुनुवार) प्रथम, स्पर्श भट्टराई (अभिभावकः ईश्वरीप्रसाद भट्टराई) द्वितीय, अनुजा कोइराला (अभिभावकः बाबुराम कोइराला) तृतीय तथा अभिनव ढकाल (अभिभावकः हरिशचन्द्र ढकाल) र अत्रिस शर्मा (अभिभावकः बुद्धकुमार शर्मा) ले सान्त्वना पुरस्कार प्राप्त गर्नुभयो ।

समूह ४ (कक्षा ६ देखि ८ सम्म) तर्फ मनास्लु रावल (अभिभावकः दीर्घबहादुर रावल) प्रथम, सन्ध्या कोइराला (अभिभावकः बाबुराम कोइराला) द्वितीय, सुजल पाण्डे (अभिभावकः यज्ञ पाण्डे) तृतीय तथा रिदिशा रेग्मी (अभिभावकः राजनप्रसाद रेग्मी) र नेहा तिम्सिना (अभिभावकः रुद्र तिम्सिना) ले सान्त्वना पुरस्कार प्राप्त गर्नुभयो ।



यस्तै, समूह ५ (कक्षा ९ र १०) तर्फ विजयराज खड्का (अभिभावकः भोलाराज खड्का) प्रथम, रुचिरा भट्टराई (अभिभावकः राजेन्द्र भट्टराई) द्वितीय, स्वीकृति पोखरेल (अभिभावकः मिनप्रसाद पोखरेल) तृतीय र गृष्मा सापकोटा (अभिभावकः मुक्तिनाथ सापकोटा) ले सान्त्वना पुरस्कार प्राप्त गर्नुभएको थियो ।

वार्षिकोत्सवकै अवसरमा वैशाख १२ गते केन्द्रीय कार्यालय परिसरमा रक्तदान कार्यक्रम आयोजना गरिएको थियो । सो अवसरमा १२६ जना कर्मचारीले रक्तदान गर्नुभएको थियो ।

## काभ्रेको नालामा....

हुने कारोबारलाई निरुत्साहित गर्नुपर्ने बताउनुभयो । बैंकलाई परिवारको सदस्य र सुख-दुःखको साथीको रूपमा लिन उहाँले सबैलाई अनुरोध गर्नुभयो ।

बैंकका कार्यकारी निर्देशक एवम् साइकल ऱ्याली मूल आयोजना समितिका संयोजक महेश्वरलाल श्रेष्ठले वित्तीय साक्षरताको राम्रो ज्ञान नभएसम्म नागरिकले वित्तीय संस्थाले प्रदान गर्ने सेवाको उपयोग गर्न नसक्ने बताउनुभयो ।

सो अवसरमा उग्रचण्डी नाला समाजले गभर्नर डा. चिरंजीबि नेपाल, डेपुटी गभर्नर द्वय चिन्तामणि शिवाकोटी र शिबराज श्रेष्ठ, कार्यकारी निर्देशक महेश्वरलाल श्रेष्ठ, बनेपा-४ का वडाध्यक्ष श्यामसुन्दर श्रेष्ठ, नेपाल बैंकर्स एशोसिएसन, डेभलपमेन्ट बैंकर्स एशोसिएसन, वित्त कम्पनी एशोसिएसनका प्रतिनिधिलाई मायाको चिनो प्रदान गरेको थियो ।

कार्यक्रममा ग्लोबल आईएमई बैंकले चण्डेश्वरी उच्च माध्यमिक विद्यालयलाई रु. दुई लाख र सानिमा बैंकले सो विद्यालयमा कक्षा ११ र १२ मा अध्ययनरत जेहन्दार छात्रछात्रालाई छात्रवृत्ति स्वरुप रु.चार लाख प्रदान गर्ने घोषणा गरेका थिए । नाला समाजका अध्यक्ष चन्द्रलाल श्रेष्ठको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन सहायक निर्देशक रागनी सिंहले गर्नुभएको थियो ।

# जिल्लास्थित कार्यालयहरुमा ६४ औं वार्षिकोत्सव कार्यक्रम

नेपाल राष्ट्र बैंकको ६४ औं वार्षिकोत्सवका अवसरमा जिल्लास्थित नेपाल राष्ट्र बैंकका कार्यालयहरूमा विभिन्न कार्यक्रमहरू सम्पन्न भएका छन् ।

## विराटनगर कार्यालय

नेपाल राष्ट्र बैंकको ६४ औं वार्षिकोत्सवका अवसरमा वैशाख १४ गते विराटनगर कार्यालयले सभाकक्षमा एक कार्यक्रम आयोजना गऱ्यो । विराटनगर उच्च अदालतका कायममुकायम मुख्य न्यायाधीश शिवराज अधिकारीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा विराटनगरस्थित सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्था, उद्योग तथा व्यापार संघ/संगठनका प्रतिनिधि, बैंकका बहालवाला र पूर्व कर्मचारीहरू, बुद्धिजीवी, सञ्चारकर्मी लगायतको सहभागिता थियो ।



कार्यक्रममा कायममुकायम मुख्य न्यायाधीश अधिकारीले पछिल्लो समयमा बैंकिङ कसूरसँग सम्बन्धित मुद्दाहरू बढ्दो क्रममा रहेको उल्लेख गर्दै बैंकिङ कारोबार सम्बन्धी ऐन, नियमको पालना गर्न/गराउन राष्ट्र बैंक र अन्य बैंक तथा वित्तीय संस्थाको भूमिका महत्वपूर्ण हुने बताउनुभयो ।

कार्यक्रममा विराटनगर कार्यालयका निर्देशक रोशनकुमार सिग्देलले नेपाल राष्ट्र बैंकको उद्देश्यमाथि प्रकाश पार्दै पूर्वी नेपालको आर्थिक परिदृश्य प्रस्तुत गर्नुभयो । उहाँले विराटनगर कार्यालयबाट विगत एक वर्षमा सम्पादित कार्यहरूको संक्षिप्त विवरण पेश गर्नुभयो ।

सो अवसरमा नेपाल उद्योग वाणिज्य महासंघ मोरङका अध्यक्ष भिमप्रसाद घिमिरे, प्राध्यापक प्रमोदकुमार झा, हिमालयन बैंकको प्रदेश नं. १ कार्यालयका प्रमुख रोशन मैनाली, पूर्व कर्मचारी जयन्तकुमार पौडेल, विराटनगर कार्यालयस्थित नेपाल वित्तीय संस्था कर्मचारी संघका अध्यक्ष नवदिप साह, नेपाल राष्ट्र बैंक कर्मचारी संघका अध्यक्ष तारानाथ दाहाल लगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा विराटनगर कार्यालयले कर्मचारी, कर्मचारीका छोराछोरी र पूर्व कर्मचारीको लागि आयोजना गरेका विभिन्न अतिरिक्त क्रियाकलापका विजेताहरूलाई पुरस्कार र प्रमाणपत्र प्रदान गरिएको थियो । यस्तै, हालसालै बैंकको सेवाबाट अवकाश पाएका कर्मचारीहरू शंकर वस्ती, शम्भुप्रसाद पोखरेल, कुमार सत्याल र राधिका गुरागाईंलाई विदाईस्वरूप सम्मान गरिएको थियो ।

वार्षिकोत्सवको अवसरमा उक्त कार्यालयमा रक्तदान, वित्तीय सचेतनामूलक प्रभातफेरी र सरसफाई कार्यक्रम सञ्चालन गरिएको थियो । यसैगरी अन्तरबैंक फुटसल प्रतियोगिता, अन्तरफाँट हाजिरीजवाफ प्रतियोगिता, टेबलटेनिस, हाँडीफोर, म्यूजिकल बल र नोट काउण्टिङ प्रतियोगिताको आयोजना गरिएको थियो । साथै, विराटनगर कार्यालयले कर्मचारीका छोराछोरीहरूको सहभगितामा हिसाब दौड र बालचित्रकला तथा पूर्वकर्मचारीहरूका लागि म्यूजिकल बल प्रतियोगिता समेत आयोजना गरेको थियो ।

## जनकपुर कार्यालय

जनकपुर कार्यालयले विविध कार्यक्रम सञ्चालन गरी बैंकको ६४ औं वार्षिकोत्सव मनाएको छ । उप-निर्देशक संजिवकुमार झाको संयोजकत्वमा गठित सात सदस्यीय अतिरिक्त क्रियाकलाप समिति अन्तर्गतका विभिन्न १५ वटा उप-समितिद्वारा विविध कार्यक्रमहरू सञ्चालन गरिएको हो ।

वार्षिकोत्सवका अवसरमा कर्मचारीहरू बीच ब्याडमिन्टन, टेबलटेनिस, हाजिरी जवाफ, स्लो साईकल, १०० मिटर दौड, घैंटो फोड, नोट सर्टिङ, म्यूजिकल चेयर र लालमोहन खाने प्रतियागिता सञ्चालन गरिएको थियो । यस्तै, नेपाल राष्ट्र बैंक, जनकपुर कार्यालय र विभिन्न बैंक तथा वित्तीय संस्थामा कार्यरत








कर्मचारीहरूबीच क्रिकेट प्रतियोगिता समेत आयोजना भएको थियो ।

बैंकका बहालवाला र पूर्व कर्मचारीहरू, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरू, मनिचेञ्जर सञ्चालक लगायतको सहभागितामा कार्यालय परिसरमा वृक्षारोपणका साथै खुला रक्तदान कार्यक्रम पनि आयोजना गरिएको थियो । वार्षिकोत्सवका अवसरमा वित्तीय साक्षरता सम्बन्धी प्रभातफेरी कार्यक्रम समेत सञ्चालन गरिएको थियो ।

वैशाख १४ गते कार्यालयको सभाकक्षमा कार्यालयका निर्देशक श्री नरेश शाक्यको सभापतित्वमा औपचारिक समारोह आयोजना भयो । सो अवसरमा विभिन्न प्रतियोगिताका विजयी कर्मचारी तथा टोलीलाई पुरस्कार, मेडल तथा प्रमाणपत्र प्रदान गरिएको थियो । कार्यक्रममा निर्देशक शाक्यले राष्ट्र बैंकको उद्देश्यमाथि प्रकाश पार्दै संघीय संरचनामा बैंकको भूमिकामा हुनसक्ने परिवर्तन र बैंकले चाल्नुपर्ने कदमका सम्बन्धमा धारणा राख्नुभयो ।

उक्त कार्यक्रममा कार्यालयका उप-निर्देशक मेदनीप्रसाद पोखेलले शुभकामना मन्तव्य व्यक्त गर्नुभयो । कार्यक्रमको सञ्चालन प्रधान सहायक गोपालबहादुर बुढाथोकीले गर्नुभएको थियो ।

## वीरगञ्ज कार्यालय

बैंकको ६४ औं वार्षिकोत्सवका अवसरमा वीरगञ्ज कार्यालयमा आन्तरिक तथा बाह्य खेलकुद प्रतियोगिता, सरसफाई र अन्य कार्यक्रमहरू सञ्चालन गरिएको थियो ।

सो अवसरमा कर्मचारीहरूबीच क्यारमबोर्ड, बुद्धिचाल, १०० मिटर/३००० मिटर दौड, ब्याडमिन्टन, टेबलटेनिस, हाजिरीजवाफ, हाँडी फोड्ने प्रतियोगिता र अन्तर बैंक क्रिकेट प्रतियोगिता सञ्चालन गरिएको थियो ।

क्यारमबोर्ड एकलतर्फ सरोज कन्दङ्वा प्रथम र ध्रुवनारायण पजियार द्वितीय हुनुभयो । क्यारमबोर्ड डबलतर्फ अभिनाशकुमार गुप्ता र उपेन्द्र चौधरीको जोडी प्रथम भयो भने ध्रुवनारायण पजियार र श्यामजन्म प्रसाद रौनियारको जोडी द्वितीय भयो । यस्तै, क्यारमबोर्ड डबल (महिला) तर्फ प्रतिभा थापा र पूजा केशरीको जोडी प्रथम भयो ।

बुद्धिचालतर्फ सरोज कन्दङ्वा र उपेन्द्र चौधरीले क्रमशः प्रथम र द्वितीय पुरस्कार प्राप्त गर्नुभयो । यसै गरी, १०० मिटर दौडमा सरोज कन्दङ्वा प्रथम र अभिनाशकुमार गुप्ता द्वितीय हुनुभयो भने ३००० मिटर दौडमा सरोज कन्दङ्वा र सुरेन्द्र पंजियार क्रमशः प्रथम र द्वितीय हुनुभएको थियो ।



यसै गरी, ब्याडमिन्टन सिंगल (पुरुष) तर्फ ओमनाथ दाहाल प्रथम र मिलनकुमार लामा द्वितीय हुनुभयो भने डबलतर्फ अभिनाशकुमार गुप्ता र ओमनाथ दाहालको जोडी प्रथम तथा विष्णुकुमार रौनियार र मिलनकुमार लामाको जोडी द्वितीय भएको थियो । ब्याडमिन्टन सिंगल (महिला)मा कृष्मा डंगोल र चाँदनी गुप्ता क्रमशः प्रथम र द्वितीय हुनुभयो ।

टेबलटेनिस सिंगलतर्फ सरोज कन्दङ्वा प्रथम र ओमनाथ दाहाल द्वितीय हुनुभयो भने डबलतर्फ नरेशकुमार सर्राफ र धर्मराज ठाकुर सिंहको जोडी प्रथम तथा सोमराज नेपाली र संदिप लुइँटेलको जोडी द्वितीय भयो । हाजिरी जवाफतर्फ ओमनाथ दाहाल, धर्मराज ठाकुर सिंह र राकेशकुमार साहको टोली प्रथम भयो भने अनिल लामा, सुरेन्द्र पंजियार र संदिप लुइँटेलको टोलीले द्वितीय स्थान हासिल गऱ्यो ।

हाँडी फोड्ने प्रतिस्पर्धामा विनय केशरी र सुरेन्द्र पंजियार विजयी हुनुभयो । क्यारमबोर्ड सिंगल (नेपाली सेना) तर्फ खुमबहादुर जि.सी. र प्रेम सुनार क्रमशः प्रथम र द्वितीय हुनुभयो । यस्तै, मेगा बैंकलाई पराजित गर्दै एनआईसी एसिया बैंकले बीरगञ्जमा रहेका बैंकका शााखाहरूविच सम्पन्न अन्तर बैंक क्रिकेट प्रतियोगिताको उपाधि जित्न सफल भएको थियो ।

वार्षिकोत्सवका अवसरमा वीरगञ्ज कार्यालयले वैशाख १४ गते वित्तीय सचेतना प्रभातफेरी समेत आयोजना गऱ्यो । कार्यालय परिसरबाट शुरु भएको प्रभातफेरी लक्ष्मी बैंक चोक, घडीहर्वा पोखरी, माईस्थान चोक, घण्टाघर हुँदै पुनः माईस्थान चोक, आदर्शनगर चोक, मकालु होटल चोकबाट पुनः कार्यालयमा पुगेर समापन भएको थियो । प्रभातफेरीमा वीरगञ्ज कार्यालयका कर्मचारी, विभिन्न बैंक तथा वित्तीय संस्थाका कर्मचारी, विद्यार्थी लगायतको सहभागिता थियो ।

वैशाख १३ गते कार्यालयको सभाकक्षमा आयोजित कार्यक्रममा निर्देशक राजनविक्रम थापाले विजयी कर्मचारी/खेलाडीलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभयो । सो अवसरमा निर्देशक थापाले राष्ट्र बैंकको उद्देश्य प्राप्तिको निम्ति प्रभावकारी ढंगले कार्यसम्पादन गर्न कार्यालयका कर्मचारीहरूलाई आव्हान गर्नुभयो ।

## पोखरा कार्यालय

नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयले विभिन्न कार्यक्रमहरू सञ्चालन गरी ६४ औं वार्षिकोत्सव मनाएको छ ।

वार्षिकोत्सवका अवसरमा पोखरामा अन्तर कर्मचारी फुटसल, ब्याडमिन्टन,




टेबुलटेनिस तथा पूर्व कर्मचारीहरूबीच म्युजिकल चेयर प्रतियोगिता सञ्चालन गरिएको थियो। फुटसलतर्फ शालिग्राम गौडेल, टीकाराम आचार्य, ऋषिराम ढकाल, यशोधा पोखरेल, जितेन्द्रराज शाक्य, गोविन्दबहादुर थापा, देवेन्द्र सुवेदी, सूर्यप्रसाद पौडेल, नवीन भण्डारी र रामबहादुर थापाको टोली प्रथम भयो।

व्याटमिण्टनको एकलतर्फ सुरेन्द्रबहादुर थापा प्रथम र सुजन पोखरेल द्वितीय हुनुभयो भने डबल्सतर्फ यामबहादुर रानाभाट र सुरेन्द्रबहादुर बोहोराको जोडी प्रथम तथा दलबहादुर थापा र गोविन्दबहादुर थापाको जोडी द्वितीय भएको थियो । टेवलटेनिस प्रतियोगिताको सिंगल्सतर्फ कैलाश राजभण्डारी प्रथम र दलबहादुर थापा द्वितीय हुनुभयो भने डबल्समा कैलाश राजभण्डारी र तिलबहादुर थापाको जोडी प्रथम तथा सुजन पोखरेल र सुरेन्द्रबहादुर बोहोराको जोडी द्वितीय हुनुभएको थियो।

पूर्व कर्मचारीहरूबीच आयोजित म्युजिकल चेयर प्रतियोगितामा बृहस्पति अधिकारी प्रथम र माधवराज पराजुली द्वितीय हुनुभयो । वार्षिकोत्सवका अवसरमा पोखरा कार्यालयमा कार्यरत कर्मचारीहरूबाट मत संकलन गरी दुईजना चर्चित कर्मचारी छनौट गर्ने रोमाञ्चक प्रतियोगिता समेत आयोजना गरिएको थियो । उक्त मतदानमा सर्वाधिक मतसहित शालिग्राम गौडेल र विमल के.सी. क्रमशः प्रथम र द्वितीय हुनुभयो।

सो अवसरमा बैशाख १४ गते पोखरामा वित्तीय सचेतनासम्बन्धी प्रभातफेरी समेत आयोजना गरिएको थियो। कार्यालयबाट शुरु भएको प्रभातफेरी पृथ्वीचोकमा पुगेर समापन भएको थियो । उक्त कार्यक्रममा पोखरा कार्यालय र विभिन्न बैंक तथा वित्तीय संस्थाका ६०० भन्दा बढी कर्मचारीको सहभागिता थियो।

वार्षिकोत्सवका अवसरमा बैशाख १४ गते कार्यालयका निर्देशक डा. डिल्लीराम पोखरेलको अध्यक्षतामा औपचारिक समारोह आयोजना गरिएको थियो। सो अवसरमा विभिन्न प्रतियोगिताका विजेता कर्मचारीलाई पुरस्कार र प्रमाणपत्र प्रदान तथा सेवानिवृत्त कर्मचारीको विदाई र सम्मान गरिएको थियो। अतिथिगृह परिसरमा आयोजित कार्यक्रममा निर्देशक पोखरेलसहित नेपाल राष्ट्र बैंक कर्मचारी संघ, पोखराका अध्यक्ष कृष्णप्रसाद खराल, नेपाल वित्तीय संस्था कर्मचारी संघ, राष्ट्र बैंक, पोखराका सचिव राजेन्द्र लम्साल, नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघ, पोखराका अध्यक्ष रामप्रसाद बस्ताकोटीले शुभकामना मन्तव्य राख्नुभएको थियो।

पोखरा कार्यालयको अतिथिगृहको प्राङ्गणमा आयोजित उक्त कार्याक्रममा नेपाल राष्ट्र बैंकका उप निर्देशक श्री बसन्तबहादुर थापाले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने नेपाल राष्ट्र बैंक कर्मचारी संघ पोखराका अध्यक्ष श्री कृष्णप्रसाद खराल, नेपाल वित्तीय संस्था कर्मचारी संघ नेपाल राष्ट्र पोखराका सचिव श्री राजेन्द्र लम्साल, नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघ पोखराका अध्यक्ष श्री रामप्रसाद वस्ताकोटीले शुभकामना मन्तव्य राख्नुभएको थियो। उक्त कार्यक्रममा गत वर्ष बैंक सेवाबाट निवृत्त भएका कर्मचारीहरूलाई विदाई तथा सम्मान गर्ने कार्यक्रमका साथै वार्षिकोत्सवको अवसरमा आयोजित विभिन्न खेलकुद प्रतियोगितामा प्रथम र द्वितीय हुने कर्मचारीहरूलाई पुरस्कार वितरण समेत गरिएको थियो।

### सिद्धार्थनगर कार्यालय

सिद्धार्थनगर कार्यालयमा पनि विविध कार्यक्रमहरू सञ्चालन गरी बैंकको ६४ औं वार्षिकोत्सव मनाइएको छ । सिद्धार्थनगर कार्यालयमा अतिरिक्त क्रियाकलाप समिति अन्तर्गत विभिन्न १० वटा उपसमितिहरू गठन गरी आन्तरिक तथा बाह्य खेलकुद प्रतियोगिता र अन्य कार्यक्रमहरू सञ्चालन गरिएको थियो।

सो अवसरमा अन्तर बैंक फुटबल, कर्मचारीहरूबीच ब्याडमिन्टन, टेबुलटेनिस, क्यारेमबोर्ड, हाजिरी जवाफ, डोरी तान्ने प्रतियोगिता तथा कर्मचारीका छोराछोरीहरूबीच बकेट बल र म्युजिकल चेयर प्रतियोगिता आयोजना गरिएको थियो। यस्तै, खुला रक्तदान र वित्तीय सचेतना प्रभातफेरी ऱ्याली समेत आयोजना गरिएको थियो।

अन्तर बैंक फुटबल प्रतियोगितामा विकास बैंकहरूको टोली प्रथम र वाणिज्य बैंकको टोली द्वितीय भयो । यसैगरी, कर्मचारीहरूबीचको टेबुलटेनिस प्रतियोगितामा विवेक कोइराला र पुष्कर खनाल क्रमशः प्रथम र द्वितीय हुनुभयो। ब्याडमिन्टन डबलतर्फ कृष्णप्रसाद भट्टराई र गोविन्द अधिकारीको टोली प्रथम तथा रमेश सारु र गोविन्दप्रसाद शर्माको टोली द्वितीय भएको थियो । ब्याडमिन्टन सिंगलतर्फ गोविन्द अधिकारी र रमेश सारुले क्रमशः प्रथम र द्वितीय स्थान हासिल गर्नुभयो । यस्तै, क्यारेमबोर्डतर्फ केशव श्रेष्ठ प्रथम र पदमराज भुसाल द्वितीय हुनुभयो।

वार्षिकोत्सवका अवसरमा वैशाख १३ गते बैंक परिसरमा रक्तदान कार्यक्रम आयोजना भयो । सो अवसरमा कार्यालयका कर्मचारी, बैंक तथा वित्तीय संस्थाका कर्मचारी, मनिचेन्जर व्यवसायी लगायत ६१ जनाले रक्तदान गरेका थिए।

वार्षिकोत्सवकै अवसरमा वैशाख १४ गते सिद्धार्थनगरमा वित्तीय सचेतना प्रभातफेरी समेत आयोजना गरिएको थियो।

प्रभातफेरीमा नेपाल राष्ट्र बैंकका कर्मचारी, बैंक तथा वित्तीय संस्थाका कर्मचारी, मनिचेञ्जर व्यवसायी, विद्यार्थी लगायत ५०० भन्दा बढीको सहभागिता थियो । कार्यालयबाट सुरु भएको प्रभातफेरी नयाँ सडक, बर्मेली टोल, बुद्धचोक, नारायणस्थान, मिलनचोक, बैंकरोड हुँदै भैरहवा बजार परिक्रमा गरी पुनः कार्यालयमै आएर समापन भएको थियो ।

वैशाख १४ गते कार्यालयको सभाकक्षमा एक कार्यक्रम आयोजना गरी विजयी खेलाडीहरूलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो । सो अवसरमा ७० वर्ष उमेर पूरा गरेका ३४ जना पूर्व कर्मचारीहरूलाई सम्मान समेत गरिएको थियो ।

कार्यक्रममा कार्यालयका निर्देशक राजेन्द्र भट्टराईले वित्तीय पहुँच र वित्तीय समावेशीकरण मार्फत् लगानीका नयाँ क्षेत्रको पहिचान गरी मुलुकको आर्थिक विकासको लागि नेपाल राष्ट्र बैंक र अन्य वित्तीय संस्थाहरूबीच सहकार्य हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो । निर्देशक भट्टराईको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा सिद्धार्थनगरस्थित नेपाल वित्तीय संस्था कर्मचारी संघका अध्यक्ष रमेश सारु, नेपाल राष्ट्र बैंक कर्मचारी संघका अध्यक्ष शंकर भट्टराई, नेपाल ग्रामीण लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत पर्वतकुमार कार्की, विकास बैंक संघका उपाध्यक्ष प्रकाश पौडेल, नेपाल इन्भेष्टमेन्ट बैंकका प्रदेश नं. ५ प्रमुख रामराज उपाध्याय लगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

सो अवसरमा उपनिर्देशक ऋषिराम बरालले स्वागत मन्तव्य राख्नुभयो भने सहायक निर्देशक रमेशकुमार न्यौपानेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

## नेपालगञ्ज कार्यालय

बैंकको ६४ औं वार्षिकोत्सवको अवसरमा नेपालगञ्ज कार्यालयमा पनि विभिन्न कार्यक्रम सञ्चालन भएका छन् । सो अवसरमा बैशाख १४ गते औपचारिक कार्यक्रम आयोजना गरियो । निर्देशक मुक्तिनाथ सापकोटाको सभापतित्वमा सम्पन्न कार्यक्रममा विभिन्न प्रतियोगिताका विजयी कर्मचारीलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो ।

कार्यक्रममा निर्देशक सापकोटाले राष्ट्र बैंक स्थापना भए यताका उपलब्धि, वर्तमान अवस्था र भावी चुनौतीहरूको चर्चा गर्दै सम्पूर्ण कर्मचारीको सक्रिय सहयोगबाट नै बैंकको कार्यसम्पादन प्रभावकारी भएको बताउनुभयो । कार्यक्रममा नेपालगञ्ज कार्यालयका पूर्व मुख्य व्यवस्थापक यसपाल चौरसियालाई विशेष अतिथिको रूपमा आमन्त्रण गरिएको थियो ।

कार्यक्रममा का.मु. उपनिर्देशक रामचन्द्र भट्टराईले स्वागत मन्तव्य व्यक्त गर्नुभयो भने नेपालगञ्जस्थित नेपाल वित्तीय संस्था कर्मचारी संघका अध्यक्ष लेखबहादुर पाण्डे, नेपाल राष्ट्र बैंक कर्मचारी संघका अध्यक्ष डिल्लीराज आचार्य, नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघ उपाध्यक्ष जगदीशबहादुर सिंह, भार्गव विकास बैंकका प्रमुख कार्यकारी अधिकृत पुष्करराज जोशी लगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।



कार्यक्रममा नेपालगञ्ज कार्यालयका उपनिर्देशक शिवप्रसाद घिमिरेले उपस्थित सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो । कार्यालयका कर्मचारी, पूर्वकर्मचारी, बैंक तथा वित्तीय संस्थाका क्षेत्रीय प्रमुख/शाखा प्रबन्धक तथा पत्रकारहरूको उपस्थिति रहेको उक्त समारोहको सञ्चालन सहायक आस्था सुवेदीले गर्नुभएको थियो ।

वार्षिकोत्सवको अवसरमा नेपालगञ्ज कार्यालयमा व्याडमिण्टन, भलिबल, चेस, टेबलटेनिस लगायतका प्रतियोगिता सञ्चालन गरिएको थियो । यस्तै, पूर्व कर्मचारीको सहभागितामा घैंटो फोड्ने प्रतियोगिता र कर्मचारीका छोराछोरीको सहभागितामा बालचित्रकला प्रतियोगिता समेत सञ्चालन गरिएको थियो । नेपाल वित्तीय संस्था कर्मचारी संघ र नेपाल राष्ट्र बैंक कर्मचारी संघले कर्मचारीका छोराछोरीलाई सहभागी गराई क्रमशः म्युजिकल चेयर र डाटबोर्ड प्रतियोगिता आयोजना गरेका थिए ।





वार्षिकोत्सवकै अवसरमा बैशाख १४ गते वित्तीय सचेतना प्रभातफेरी समेत आयोजना गरिएको थियो । प्रभातफेरी नेपालगञ्ज कार्यालय परिसरबाट शुरु भई धम्बोझी चोक, सेतु बि.क. चोक, त्रिभुवन चोक, वी.पी. चोक हुँदै पुनः कार्यालय परिसरमा पुगेर समापन भएको थियो । कार्यक्रम समापन गर्न सहयोग गरेकोमा उपस्थित सबैलाई निर्देशक श्री मुक्तिनाथ सापकोटाले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

### धनगढी कार्यालय

धनगढी कार्यालयमा पनि यस बैंकको ६४ औं वार्षिकोत्सव बैशाख १४ गते औपचारिक कार्यक्रमका साथै अन्य विभिन्न कार्यक्रमको आयोजना गरी मनाइएको छ । बैंकको वार्षिकोत्सवको अवसरमा बुद्धिचाल, क्यारमबोर्ड, ब्याडमिन्टन, टेबलटेनिस, क्रिकेट, हाजिरी जवाफ, फुटसल, बालचित्रकला प्रतियोगितासँगै सरसफाई, रक्तदान र प्रभातफेरी लगायतका कार्यक्रम आयोजना गरिएको थियो ।






बुद्धिचालतर्फ ध्रुव कार्की र झकेन्द्रबहादुर शाही क्रमशः प्रथम र द्वितीय हुनुभयो । क्यारमबोर्ड एकलमा ललित कार्की प्रथम र डम्बरबहादुर मल्ल द्वितीय हुनुभयो भने डबलमा ध्रुव कार्की र डम्बरबहादुर मल्लको जोडी प्रथम तथा सुरज चौधरी र गोविन्दराज भट्टको जोडी द्वितीय भयो ।

यस्तै, ब्याडमिन्टन प्रतियोगिता अन्तर्गत एकलतर्फ टेकबहादुर साउद र धनीराम चौधरीले क्रमशः प्रथम र द्वितीय स्थान हासिल गर्नुभयो भने डबलतर्फ महेशप्रसाद भट्ट र टेकबहादुर साउदको जोडी प्रथम तथा नेत्रसिंह कुँवर र गोविन्दराज भट्टको जोडी द्वितीय भयो । टेबलटेनिस प्रतियोगितामा एकलतर्फ राधाकृष्ण सुवेदी र ध्रुव कार्की क्रमशः प्रथम र द्वितीय हुनुभयो भने डबलतर्फ खडकबहादुर चौधरी र महेश भट्टको जोडी प्रथम तथा मनोज पोखरेल र ध्रुव कार्कीको जोडी द्वितीय भयो । हाजिरी जवाफमा प्रेम चन्द ठकुरी, हरिलाल भट्ट र अर्जुन धामीको टोलीले प्रथम तथा ध्रुव कार्की, बन्दना दहाल र शेरसिंह कडायतको टोलीले द्वितीय स्थान हासिल गऱ्यो ।

वार्षिकोत्सवका अवसरमा राष्ट्र बैंक र बैंकर्स क्लबबीच सम्पन्न क्रिकेट प्रतियोगितामा बैंकर्स क्लव विजयी भयो । यस्तै, फुटसल प्रतियोगिता अन्तर्गत मनोज पोखरेल, गोपाल श्रेष्ठ, ध्रुव कार्की, द्रोणबहादुर सिंह, ललित कार्की, राघवेन्द्रकुमार मण्डल, हरिलाल भट्ट, धनीराम चौधरी र बुद्धलाल श्रेष्ठको टोली प्रथम भयो ।

यस्तै, बाल चित्रकला प्रतियोगिता अन्तर्गत समूह 'ए' (नर्सरी-यू.के.जी.) तर्फ अनुष्का पन्त (अभिभावक-पार्वती भट्ट) प्रथम, अवशेष शाह (अभिभावक-यमबहादुर शाह) द्वितीय र प्रनित चौधरी (अभिभावक-सुरज चौधरी) तृतीय हुनुभयो । समूह 'बी' (कक्षा १-३) तर्फ सुवेच्छा चौधरी (अभिभावक-रामकुमार चौधरी) प्रथम, अञ्जली मण्डल (अभिभावक-राघवेन्द्र मण्डल) द्वितीय र द्रिष्ना थारु (अभिभावक-सुरज चौधरी) तृतीय हुनुभयो । यसै गरी, समूह 'सी' (कक्षा ५-८) तर्फ रोशनी भट्ट (अभिभावक-गोविन्दराज भट्ट) प्रथम, अमित भट्ट (अभिभावक-डम्बरदत्त भट्ट) द्वितीय र भावना मल्ल (अभिभावक-डम्बरबहादुर मल्ल) तृतीय हुनुभयो । सेवा निवृत्त कर्मचारीहरूको निम्ति आयोजित घैंटोफोर प्रतिस्पर्धामा महेशदत्त पाण्डेय विजयी हुनुभएको थियो । वार्षिकोत्सवका अवसरमा आयोजित रक्तदान कार्यक्रममा २२ जनाले रक्तदान गरेको जानकारी धनगढी कार्यालयले दिएको छ ।

वार्षिकोत्सवका अवसरमा धनगढी कार्यालयले बैशाख १४ गते वित्तीय चेतनामुलक प्रभातफेरी कार्यक्रम समेत आयोजना गऱ्यो । कार्यालयबाट शुरु भएको प्रभातफेरी क्याम्पस रोड, सेती अञ्चल अस्पताल, एलएन चोक हुँदै पुनः कार्यालयमै पुगेर विसर्जन भएको थियो ।

बैंकको वार्षिकोत्सवका अवसरमा बैशाख १४ गते धनगढी कार्यालयमा आयोजना गरिएको एक औपचारिक कार्यक्रममा पूर्व व्यवस्थापक सत्यप्रकाश ओझाको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा विभिन्न प्रतियोगिताका विजयी कर्मचारीहरूलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो । कार्यक्रममा प्रमुख अतिथि ओझाले शुभकामना मन्तव्य दिँदै पूर्व कर्मचारीलाई आमन्त्रण गरेकोमा धन्यवाद दिनुभयो ।

सो अवसरमा कार्यालयका निर्देशक निश्चल अधिकारीले राष्ट्र बैंक प्रति जनविश्वास रहेको उल्लेख गर्दै बैंकको प्रभावकारी नीति र नियमनका कारण समस्याग्रस्त वित्तीय संस्थाको संख्या घट्दो क्रममा रहेको विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा धनगढी कार्यालयका उपनिर्देशक मनोज पोखरेल, भूतपूर्व कर्मचारी संघका अध्यक्ष भोजराज जोशी, नेपाल राष्ट्रिय कर्मचारी संगठनका निमित्त अध्यक्ष प्रेम चन्द ठकुरी, नेपाल वित्तीय संस्था कर्मचारी संघका अध्यक्ष निरज पाण्डेय, नेपाल राष्ट्र बैंक कर्मचारी संघका अध्यक्ष खड्कबहादुर चौधरी लगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

# शुभकामना आदानप्रदान कार्यक्रम

नयाँ वर्ष २०७६, नेपाल राष्ट्र बैंकको ६४ औं वार्षिकोत्सव, नेपाल राष्ट्र बैंक कर्मचारी संघको ३० औं स्थापना दिवस तथा १३० औं विश्व मजदुर दिवसको अवसर पारेर नेपाल राष्ट्र बैंक कर्मचारी संघले बैशाख १५ गते आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा प्रमुख अतिथि वरिष्ठ डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी र विशेष अतिथि पूर्व गभर्नर एवम् नेपाल राष्ट्र बैंकका पूर्व अध्यक्ष दिपेन्द्र बहादुर क्षेत्रीले संघको संघका उपाध्यक्ष रुद्रप्रसाद तिम्सिनाले स्वागत मन्तव्य राख्नुभएको थियो । उक्त कार्यक्रममा संघका अध्यक्ष ढुण्डीराज मिश्रले विगतमा भएका कमी-कमजोरीहरू हटाएर नयाँ काम गर्न सद्बुद्धि प्रदान होस् भन्दै कर्मचारीको वृत्ति विकास योजनामा व्यवस्थापनले सोच्नुपर्ने बताउनुभयो । उक्त कार्यक्रमका अतिथि तथा नेपाल राष्ट्रिय कर्मचारी संगठन, नेपाल राष्ट्र बैंकका अध्यक्ष रेशमबहादुर बल्छौडीले नव प्रवेशी कर्मचारीहरुलाई समेत शुभकामना



वार्षिक प्रकाशन अरुणोदय नामक पुस्तक सार्वजनिकीकरण गर्नुभयो । सो अवसरमा डेपुटी गभर्नर शिवाकोटीले कर्मचारी नागरिक समाजका अगुवा भएको बताउनुभएको छ । साथै, उहाँले सबै कर्मचारीले अनुशासन पालना गर्नुपर्ने भन्दै कर्मचारी एकता सबभन्दा ठूलो शक्ति भएको बताउनुभयो । पूर्व गभर्नर क्षेत्रीले विगतमा संगठनमा भोगेका समस्याको बारेमा प्रकाश पार्दै ठिक बाटो लिएर निर्णय गरेमा कुनै पनि शक्तिले नकार्न नसक्ने भन्दै सबभन्दा ठूलो शक्ति कर्मचारी भएको र आफ्नो जिम्माको काम गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा डेपुटी गभर्नर शिबराज श्रेष्ठले संघ, संस्थाको गरिमा कायम राख्दै सम्पूर्णले आ-आफ्नो भूमिका निर्वाह गर्नुपर्ने भन्दै युनियनले समयसमयमा कमी कमजोरीहरुको बारेमा सजग गराउनुपर्ने र व्यवस्थापनले आफ्नो कर्तव्य सही ढङ्गबाट पालना गर्नुपर्ने बताउनुभयो । साथै, उहाँले कर्मचारीको हक हित र सुविधाप्रति व्यवस्थापन लचिलो भएको अवस्थामा सम्पूर्ण कर्मचारीहरुले संस्थाको गरिमा बढाउने कार्यमा लाग्नुपर्ने बताउनुभयो । कार्यक्रममा व्यक्त गर्दै संस्थागत सुधारको ज्ञान र कामको साथै कर्मचारीको आवाज बुलन्द गर्दै जानुपर्ने भन्दै सरूवा बढुवाको कुरामा विधिको पालना गर्न अनुरोध गर्नुभयो । उक्त कार्यक्रमको सञ्चालन संघका महासचिव गोविन्दप्रसाद भण्डारीले गर्नुभएको थियो ।

## बढुवा

प्रशासन सेवातर्फको अधिकृत प्रथम तहमा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा बढुवा गर्ने सन्दर्भमा लिइएको लिखित तथा अन्तर्वार्तामा शुभासचन्द्र घिमिरे (गभर्नरको कार्यालय), सृजना बास्तोला (विराटनगर कार्यालय), बुद्धराज शर्मा (वीरगञ्ज कार्यालय), सुदिप फुयाल (बैंक सुपरीवेक्षण विभाग) र निभा श्रेष्ठ (बैंक सुपरीवेक्षण विभाग ) सफल भई निर्देशक पदमा बढुवा हुनु भएको छ ।

यसै गरी, प्रशासन सेवातर्फको अधिकृत द्वितीय तहमा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा बढुवा गर्ने सन्दर्भमा लिइएको लिखित तथा अन्तर्वार्तामा स्वरुप श्रेष्ठ (वित्तीय जानकारी इकाई), बृहत श्रेष्ठ (बैंक सुपरीवेक्षण विभाग), नविन तिमिल्सिना (मुद्रा व्यवस्थापन विभाग, टक्सार महाशाखा), राजु पौडेल (बैंक सुपरीवेक्षण विभाग), सुशिल ज्ञवाली (बैंक तथा वित्तीय संस्था नियमन विभाग), सोना राना (अनुसन्धान विभाग), विनय सिग्देल (वित्तीय जानकारी इकाई), सिद्धराज भट्ट (अनुसन्धान विभाग), शालिकराम पोखरेल (संस्थागत योजना विभाग), प्रमेश पोखरेल (बैंक सुपरीवेक्षण विभाग), सिर्जना श्रेष्ठ (बैंकर्स प्रशिक्षण केन्द्र), सौनभ श्रेष्ठ (अनुसन्धान विभाग), राकेश प्रजापति (विकास बैंक सुपरीवेक्षण विभाग), आलोकज्योती शाक्य (जनशक्ति व्यवस्थापन विभाग), प्रेमप्रसाद आचार्य (गभर्नरको कार्यालय) र मिलादेवी बाराही (अनुसन्धान विभाग) सफल भई उप निर्देशक पदमा बढुवा हुनु भएको छ ।

यसै गरी, प्रशासन सेवातर्फको सहायक प्रथम तहमा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा बढुवा गर्ने सन्दर्भमा लिइएको लिखित तथा अन्तर्वार्तामा कृष्ण के.सी. (आन्तरिक लेखापरीक्षण विभाग), अनिष गुरागाई (विराटनगर कार्यालय), निमिषा कुंवर (नेपालगञ्ज कार्यालय), आशिष ज्ञवाली (बैंकिङ कार्यालय), शंकरप्रसाद भट्टराई (सिद्धार्थनगर कार्यालय), ओमनाथ दाहाल (विराटनगर कार्यालय), तुलसीराम बानियाँ (वित्त व्यवस्थापन विभाग), मनबहादुर राई (बैंकिङ कार्यालय), तारा पोखरेल शर्मा (पोखरा कार्यालय), सुबास गुप्ता (सिद्धार्थनगर कार्यालय), उज्ज्वल ढुंगाना (बैंकिङ कार्यालय), विष्णुबहादुर के.सी.(नेपालगञ्ज कार्यालय), अशोक रेग्मी (विराटनगर कार्यालय), हरिलाल भट्ट (धनगढी कार्यालय) र उर्मिला सापकोटा (बैंकिङ कार्यालय) सफल भई प्रधान सहायक पदमा बढुवा हुनु भएको छ ।

निर्देशक, उप निर्देशक तथा प्रधान सहायक पदमा बढुवा हुनुहुने सबैलाई नेपाल राष्ट्र बैंक समाचार हार्दिक बधाई ज्ञापन गर्दछ ।

# गभर्नर डा. नेपालद्वारा क्रिकेट प्रतियोगिता उद्घाटन

नेपाल राष्ट्र बैंकका कर्मचारीहरूबीच मैत्रीपूर्ण क्रिकेट प्रतियोगिता वैशाख १८ गते काठमाडौंमा सम्पन्न भएको छ ।

नेपाल राष्ट्र बैंकको ६४ औं वार्षिकोत्सव तथा विश्व मजदुर दिवसका अवसरमा नेपाल वित्तीय संस्था कर्मचारी संघ, नेपाल राष्ट्र बैंक केन्द्रीय समितिले उक्त प्रतियोगिता आयोजना गरेको हो । कीर्तिपुरस्थित ल्याबोरेटरी स्कूलको क्रिकेट मैदानमा गभर्नर डा. चिरंजीबि नेपालले पहिलो बलिङ गर्दै क्रिकेट प्रतियोगिताको उद्घाटन गर्नुभयो ।

प्रतिस्पर्धाको निम्ति छनोट भएका कर्मचारीहरूलाई चारवटा समूहमा विभाजन गरिएको थियो । समूह 'ए' को नेतृत्व निर्देशक दीर्घबहादुर रावल र समूह 'बी' को नेतृत्व निर्देशक अनुज दाहालले गर्नुभयो भने समूह 'सी' र समूह 'डी' को नेतृत्व क्रमशः निर्देशक बमबहादुर मिश्र र का.मु.निर्देशक डिलाराम सुवेदीले गर्नुभएको थियो । प्रतियोगिता १०-१० ओभरमा खेलाइएको थियो ।

प्रतियोगितामा निर्देशक रावल नेतृत्वको समूह 'ए' लाई पराजित गर्दै निर्देशक दाहाल नेतृत्वको समूह 'बी' विजयी भयो भने निर्देशक मिश्र नेतृत्वको समूह 'सी' तेस्रो स्थानमा रह्यो । उक्त खेलहरूमा अंगदिप न्यौपाने, सुरेश कुमार दहाल र विनोदराज लेखक क्रमशः म्यान अफ द म्याच हुनुभयो भने प्रविण सुवेदी म्यान अफ द सिरिज हुनुभयो । प्रतियोगिताको उद्घाटन गर्दै गभर्नर डा. नेपालले संघले आयोजना गरेको उक्त प्रतियोगिताबाट राष्ट्र बैंकका कर्मचारीहरूबीच आत्मियता र भाइचाराको सम्बन्ध कायम रहनुका साथै कर्मचारीहरूलाई स्फूर्ति प्रदान गर्ने र काममा उर्जा मिल्ने विश्वास व्यक्त गर्नुभयो ।



नेपाल वित्तीय संस्था कर्मचारी संघ, राष्ट्रिय समितिका अध्यक्ष पदमराज रेग्मीले नियमित रूपमा यस्तो प्रतिस्पर्धा सञ्चालन भएमा त्यसले नेपाल राष्ट्र बैंकका उर्जाशील कर्मचारीहरूमा अझ उर्जा थपिने विश्वास व्यक्त गर्नुभयो । आयोजक संघका अध्यक्ष रेशमराज रेग्मीले कर्मचारीको अतिरिक्त क्षमता प्रदर्शन गराउने उद्देश्यले उक्त प्रतियोगिता आयोजना गरिएको जानकारी दिनुभयो । विजेता खेलाडीहरूलाई मेडल तथा प्रमाणपत्र प्रदान गरिएको थियो । संघका उपाध्यक्ष द्वितीय तथा खेलकुद उप-समितिका संयोजक सुशिल ज्ञवालीको संयोजकत्वमा उक्त प्रतियोगिता सम्पन्न भएको थियो ।

# प्रवक्तामा कार्यकारी निर्देशक निरौला



मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक (अधिकृत विशिष्ट श्रेणी) लक्ष्मीप्रपन्न निरौला २०७६ वैशाख २९ गतेदेखि नेपाल राष्ट्र बैंकको प्रवक्ता तोकिनुभएको छ । उहाँले अर्थशास्त्र र जनप्रशासन विषयमा स्नातकोत्तर गर्नुभएको छ । तत्कालीन प्रवक्ता नारायणप्रसाद पौडेल २०७६ वैशाख २५ गते अवकाशपूर्व एक महिना विदामा बसेपछि प्रवक्ता पद रिक्त थियो । निरौला २०४६ माघ ८ गते सहायक निर्देशकको रूपमा नेपाल राष्ट्र बैंकको सेवामा प्रवेश गर्नुभएको थियो । प्रवक्ता निरौलाको सम्पर्क ठेगाना यसप्रकार रहेको छ :-

कार्यालयः ४४१९०४५ र ४४१९८०५ र ७ (एक्सटेन्सन १२२)

मोबाइलः ९८५१२१०९१९,

निवासः ४११०३५४

इमेलः lprapanna@nrb.org.np

**प्रकाशक**

नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा

बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext .: १४०/३६२

ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

**सम्पादक**

सुशिल ज्ञवाली

**सम्पादन सहयोगी**

विष्णु दत्त पाण्डेय

लालकुमार सुवेदी

नवीना ताम्राकार

*मुद्रण :* अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, *फोन नं.* ०१-५७०६११६, ५७०५५१८